## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०५।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. योजना संचालन कार्यतालिका सम्बन्धमा :-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाबाट आर्थिक वर्ष २०७६।७७ मा उपभोक्ता समिति मार्फत संचालन गरिने योजना संचालन गर्नको लागि तपशिल बमोजिमको योजना संचालन कार्यतालिका अनुरुप योजना संचालन गर्ने निर्णय गरियो ।

| क्र सं | क्रियाकलाप | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | ज्येठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | | | | | | | | | | | | |
| २ | योजनाको सम्झौता | | | | | | | | | | | | |
| ३ | योजनाको कार्यान्वयन तथा फरफारक | | | | | | | | | | | | |

### २. पहिरोबाट अवरुद्ध सडक संचालन सम्बन्धमा :-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको केन्द्रलाई वडा कार्यालय सम्म जोड्ने तथा गाउँपालिका भित्रका अन्य मुख्य सडकहरु वर्षायाममा आएको पहिरोको कारणले अवरुद्ध भएकोमा तपशिल बमोजिमका सडकहरु तत्काल सुचारु गर्न प्राविधिकलाई फिल्ड अवलोकन गर्न लगाई तयार भएको लागत अनुमान बमोजिम कार्य अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | सडक खण्ड |
|---|---|
| १ | मोरङ्गे धियालडाँडा रजुवा नागदह सडक खण्ड |
| २ | बागदेव सरस्वती तिनढुंगे सडक खण्ड |
| ३ | चम्पाखहरे बडदह सडक खण्ड |
| ४ | रातोथली माझीखोला सडक खण्ड |
| ५ | भडौरा मसाने सडक खण्ड |
| ६ | सुधा ज्यमिरे गढवन सडक खण्ड |
| ७ | भिरकोट हर्दा कत्ले सडक खण्ड |
| ८ | सिरसिरे गोठडाँडा अखौंले सडक खण्ड |
| ९ | कपासे भैरव दोभान सडक खण्ड |
| १० | हात्तीसुँडे मन्थली सडक खण्ड |
| ११ | जुरेली घुम्ती सडक खण्ड |

बकैया गाउँपालिका मकवानपुर

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँड, मकवानपुर
नेपाल

दामोदर खनाल
अध्यक्ष

| | |
|---|---|
| १२ | सोवि आहाले सडक खण्ड |
| १३ | जितपुर कोलखोप ठिंगन मंथली सडक खण्ड |
| १४ | भिरकोट धियाँल सडक खण्ड |

**३. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीमा लैजाने सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा गाँउपालिका क्षेत्रका जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग लगायतका सामाजिक सुरक्षाग्राहीहरुलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्तालाई सरल गराउनका लागि बैंकिङ प्रणालीमा लैजानको लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**४. विद्यालय नर्स करार म्याद थप सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ हेटौंडा मकवानपुरको पत्र संङ्ख्या ०७५।०७६, च.नं. ६३६ को पत्रानुसार श्री महेन्द्र माध्यमिक विद्यालयमा पठाई कार्यरत विद्यालय नर्स श्री रेश्मा सञ्जेलले २०७५।०८।१८ देखि २०७६ असार मसान्त सम्म उक्त विद्यालयमा रहि नियमानुसार कार्य गरेको तथा उक्त मन्त्रालयबाट मिति २०७६।०४।०५ प.सं. २०७६।०७७ च.नं. ३० को पत्रानुसार विद्यालय नर्स कार्यक्रम निरन्तरताको लागि बजेट विनियोजन गरिएको तथा कार्यरत विद्यालय नर्सलाई सेवा प्रवेश तालिम, सेवासँग सम्बन्धित विभिन्न तालिमहरु प्रदान गर्नुका साथै कार्यअनुभव प्राप्त भइ दक्ष बनाईएको हुँदा कार्यसम्पादनको आधारमा करार अवधि थप गर्न अनुरोध भएको साथै सो विद्यालयबाट समेत कार्यरत नर्स श्री रेश्मा सञ्जेललाई करार अवधि थप गर्नको लागि सिफारिश गरेकोमा निजको करार अवधि मिति २०७६ श्रावण १ देखि लागू हुने गरि मिति २०७७ असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**५. राजपत्र प्रकाशन सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाँउपालिकाले विभिन्न कानुन नियामावली तथा कार्यविधिहरु पारित गरिसकेको भए ता पनि राजपत्रमा प्रकाशन नगरिएकोमा राजपत्रमा प्रकाशनको कार्य गर्ने निर्णय गरियो ।

**६. सूचना प्रकाशन नियन्त्रण सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा अघिल्लो आर्थिक वर्षमा अग्रिम सहमती र सम्झौता विना नै विभिन्न एफएम पत्रपत्रिकाहरुले सूचना प्रकाशन गरेको भनि भुक्तानी माग गरेकोमा अब उप्रान्त गाँउपालिकाको आधिकारिक पत्र तथा गाँउपालिका सँग भएको संझौता बिना कुनै पनि टेलिभिजन, एफ.एम., पत्र पत्रिका वा अन्य सञ्चार माध्यममा सूचना विज्ञापन लगायत अन्य सामाग्री प्रशारण, प्रकाशन गरेमा गाँउपालिकाबाट भुक्तानी नगरिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँड, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष



बकैया गाउँपालिका मकवानपुर

**७. आर्थिक सहयोग सम्बन्धमा।**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाँउपालिका वडा नं. ४ गरगरे बस्ने पदमलाल गौतमकी नातिनी राकेश गौतमकी छोरी उडिसा गौतम मिति २०७६।०२।३१ गते मदन भण्डारी लोकमार्गको गरगरे खण्डमा मोटरसाईकलले ठक्कर दिई गम्भिर घाईते भएकी र निजलाई भरतपुरको चितवन मेडिकल कलेजमा उपचाररत रहेको तथा निजको पारिवारिक अवस्था समेत कमजोर रहेकोमा आर्थिक सहयोगका लागि वडा नं. ४ को कार्यालयको सिफारिश सहित निवेदन पेश गरेकोमा निजलाई रु २५,०००।०० (रुपैया पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।साथै सोहि घटनामा घाईते भएका मोटरसाईकल चालक बकैया गाँउपालिका वडा नं. ५ निवासी श्री राजकुमार थिङ्गका छोरा श्री मनोज थिङ्ग समेत हैटौंडा स्थित चुरेहिल अस्पतालमा उपचाररत रहेको तथा आर्थिक अवस्था कमजोर भएकाले उपचारका लागि ५ नं. वडा कार्यालयको सिफारिश प्राप्त भएको र निजको आर्थिक अवस्था कमजोर रहेकोमा निजलाई समेत रु. २५,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**८. मेलमिलाप संयोजकको नियुक्ती सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको न्यायीक समिति मातहत कार्य गर्न मेलमिलापकर्ताको रुपमा सूचीकृत भई "मेलमिलापकर्ता संयोजक" को रुपमा कामकाज गरिरहनुभएका मेलमिलापकर्ता श्री नरहरी गौतमलाई मासिक रु ९,०००।– पारिश्रमिक उपलब्ध गराउने गरि पौष मसान्त सम्मको लागि मेलमिलापकर्ता संयोजक पदमा करारमा नियुक्ती गर्ने निर्णय गरियो ।

**९. तारजाली व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा राष्ट्रपति चुरे विकास कार्यक्रम अन्तर्गत विभिनन्न स्थानमा योजनाहरु सञ्चालन गर्दा केही योजनाहरुको लागि तारजाली व्यवस्थापनको कार्य भएको तर बाँध बान्ने कार्य हुन नसकेकोमा उक्त तारजालीहरु सम्बन्धित योजना स्थलमा नै बाँध निर्माण कार्यमा प्रयोग गर्ने र बाँध निर्माणको क्रममा जालीमा ढुङ्गा भरे बापत प्रति घनमिटर रु. ५००।- का दरले विपद व्यवस्थापन शिर्षकको रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

**१०. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्ष २०७६।७७ मा बकैया गाउँपालिकाभित्र रहेका बिभिन्न खोला नालाहरुमा रहेका ढुंगा गिट्टी बालुवा लगायतका नदिजन्य सामाग्री निकाशी गरी कर संकलनको लागि आवश्यक तयारी स्वरुप तपशिल बमोजिमका खोलानालाहरुलाई समेटि IEE गर्न आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**तपशिल**

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल



बकैया गाउँपालिका मकवानपुर

| क्र सं | खोला/नदिको नाम | अवस्थिती | कैफियत |
|---|---|---|---|
| १ | बकैया खोला | वडा नं. ३, ४, ५, ६ र ७ | |
| २ | सिमात खोला | वडा नं. ४ र ५ | |
| ३ | ठाँटी खोला | वडा नं. ५ | |
| ४ | जुईना सुकौरा खोला | वडा नं. ५ र ६ | |
| ५ | हर्दा खोला | वडा नं. ७ | |
| ६ | हिरामुनी खहरे खोला | वडा नं. ७ | |
| ७ | चम्पा खहरे खोला | वडा नं. ३ | |

**११. गाँउ शिक्षा समितिको बैठकको निर्णयहरु अनुमोदन सम्बन्धमा।**

प्रस्तुत विषयमा छलफल गर्दा गाँउ शिक्षा समितिको मिति २०७६।०५।०५ गतेको बैठकको तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्तावहरु**

१. ई-हाजिरी तथा कम्प्युटर जडान सम्बन्धमा।
२. वडा स्तरीय स्रोत विद्यालय छनौट सम्बन्धमा।
३. छात्रवृत्ति वितरण सम्बन्धमा।
४. शिक्षा दिवस तथा बालदिवस सम्बन्धमा।
५. शिक्षक विद्यार्थी प्रोत्साहन सम्बन्धमा।
६. लेखापरिक्षण सुचिकृत आवेदन माग सम्बन्धमा।
७. शिक्षक अनुदान सम्बन्धमा।
८. वालविकास कोटा सम्बन्धमा।
९. **Eced** तथा कर्मचारी पोशाक भत्ता सम्बन्धमा।
१०. विविध।

**निर्णयहरु**

प्रस्ताव नं. १ माथि छलफल गर्दा तपशिल अनुसारका विद्यालयहरुको स्थलगत अनुगमन गरी संभाव्यताको आधारमा ई-हाजिरी जडान गर्ने भनि सर्वसम्मत बाट निर्णय गरियो ।

१ श्री माटोकोरी निमावि बकैया ७
२ जनजागृति मावि बकैया ८
३ श्री बकैया ठाकुर निमावि बकैया ८
४ श्री बाघभैरव निमावि बकैया ४



बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हार्निमार, मकवानपुर नेपाल

दामोदर खनाल
अध्यक्ष

५ श्री वालविकास निमावि बकैया २

६ श्री सरस्वती आवि बकैया १

७ श्री कालीदेवी निमावि बकैया ११

८ श्री शंकर निमावि बकैया १०

९ श्री सेतिदेवी निमावि बकैया १२

१० श्री जनश्रम निमावि बकैया ६

ई-हाजिरी जडान गरिने विद्यालयहरुमा कम्प्युटर नभएको विद्यालयहरुमा १ थान कम्प्युटर प्रदान गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा स्तरीय स्रोत विद्यालय छनौटको लागि प्रत्येक वडामा रहेका विद्यालयहरुबाट स्रोत विद्यालय बन्न चाहने विद्यालयहरुले तोकिएको मापदण्ड अनुसार प्रस्तावना पेश गर्ने र प्रस्तावनाको छनौट गरी स्रोत विद्यालय छनौट गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा माध्यामिक तह (कक्षा ११ र १२) मा अध्ययनरत गरिब जेहेन्दार तथा असाहाय विद्यार्थीहरुलाई दोहोरो सुविधा नपाउने गरी श्री महेन्द्र मावि बाट छात्रा ५ जना र छात्र ५ जना तथा श्री बुध्द माविबाट छात्रा ५ र छात्र ५ जना गरी जम्मा २० जना छात्र।छात्रा लाई रु ५०००। (पाँच हजार रुपैया मात्र) को दरले दिने भनि सर्वसम्मत बाट निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भदौ २२ गते शिक्षा दिवसको अवसरमा उत्कृष्ट शिक्षक/विद्यार्थी पुरस्कार तथा सम्मान कार्यक्रम गर्ने, भदौ २९ गते वाल दिवसको अवसरमा माध्यामिक तह स्तरिय "वाल विवाह न्यूनिकरणमा विद्यार्थीको भूमिका" विषयक वक्तृत्वकला प्रतियोगिता श्री बुध्द मावि हात्तीसँडेमा गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भदौ २२ गते शिक्षा दिवसको अवसरमा A र A+ ग्रेड ल्याउने सबै विद्यार्थी (SEE लाई आधार मानेर) र SEE को ९ वटै विषयहरुमा औसत सिकाई उपलब्धिको आधारमा उच्चतम अंक ल्याउने सबै विषयका ९ जना शिक्षकहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने तथा पुरस्कृत शिक्षक विद्यार्थीहरुलाई रु ४०००। को दरले पुरस्कार दिने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आव २०७५।७६ को लेखा परिक्षण गर्नको लागि रजिस्टर्ड लेखापरिक्षकबाट सबै विद्यालयहरुको लेखापरिक्षण गर्ने गरि लेखापरिक्षक सुचिकृत गर्नको लागि आवेदन माग गर्ने भनि सर्वसम्मत बाट निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
नेपाल

दामोदर खनाल
अध्यक्ष

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी कम भएका विद्यालयहरुको लागि तपशिल अनुसारको न्यूनतम तलव तोकी ६०/४० लागत सहभागिताको आधारमा शिक्षक अनुदान प्रदान गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | प्राथमिक तह | रु १५,०००। |
| २ | निमावि तह | रु २०,०००। |
| ३ | मावि तह | रु २५,०००। |

प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थलगत अनुगमनको आधारमा आवश्यक प्रकृया पुर्याई माग भई आएका विद्यालयहरुमा वालविकास कोटा उपलब्ध गराउने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल सरकारबाट यस आव बाट प्रदान गरेको Eced सहजकर्ता र विद्यालय कर्मचारीहरुको पोशाक भत्ता अन्य स्थानिय तहहरुले निकाशा गरिसकेको यस गाँउपालिकामा विविध कारणले सो रकम प्राप्त हुन नसकेको हुंदा पछि सो रकम निकाशा भई प्राप्त भएको बेला मिलान गर्ने गरि गा पा को आन्तरिक तथा विभिन्न शिर्षकबाट निकाशा गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

आजको बैठक विहान ९:१५ बजे शुरु भएर २:०० बजे समापन गरियो ।

बकैया गाँउपालिका मकवानपुर

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँड, मकवानपुर
३ नं. प्रदेश, नेपाल